# माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेलको पद बहाली पछि १०० दिनमा भएका कार्यहरु र भावी कार्यदिशा

नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा सम्माननीय राष्ट्रपतिबाट महान्यायाधिवक्ताको पदमा म डा. दिनमणी पोखरेल मिति २०७९।९।१३ मा नियुक्त भई कार्य प्रारम्भ गरेको १०० दिन पूरा भएको छ। यस अवधिमा भएका केही महत्वपूर्ण कार्यहरु यसप्रकार रहेका छनः

1 सरकारी वकीलको सेवाका शर्त सम्वन्धी कानूनः

नेपालको संविधानको धारा १६१ मा व्यवस्था भए बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्वन्धी कानून तर्जुमा गर्न नेपाल सरकारको सैद्धान्तिक सहमतिको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ। सो प्रयोजनको लागि ऐनको मस्यौदा समेत तयार गरिएको छ।

2 सम्माननीय प्रधानमन्त्रीज्यूको अवलोकन भ्रमण र सम्बोधनः

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट मिति २०७९।१०।२३ मा महान्यायाधिवक्ताको कार्यालयको अवलोकन भ्रमण र सम्बोधन भयो। सम्बोधनका क्रममा सम्माननीय प्रधानमन्त्रीबाट सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी कानून बनाउन नेपाल सरकारले आवश्यक पहल गर्ने र महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा साधन स्रोत उपलब्ध गराई सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणका लागि नेपाल सरकारबाट पर्याप्त सहयोग हुने प्रतिवद्धता व्यक्त भएको छ।

3 महान्यायाधिवक्ताको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन प्रस्तुतः

मिति २०७९/१०/१६ गते सम्माननीय राष्ट्रपति समक्ष आ.व. २०७८/७९ को महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

4 सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिकाः

सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०७९ को मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ।

5 अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिकाः

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०७९ तयार गरी स्वीकृतिको लागि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ।

6 बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिकाः

बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५ लाई परिमार्जन गरी "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९" जारी गरिएको छ।

7 महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अवस्था अध्ययन कार्यदलको प्रतिवेदनः

नेपालको संविधान र प्रचलित कानूनले महान्यायाधिवक्तालाई प्रदान गरेको अधिकार मध्ये हालसम्म मातहतका सरकारी वकीललाई प्रत्यायोजन भएको अधिकारको अध्ययन गरी सुझाव दिन गठन भएको कार्यदलबाट प्रतिवेदन पेश भएको छ।

8 विद्युतीय अपराध सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकारमा सुधारका लागि सुझाव:

विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ बमोजिमको मुद्दा हेर्ने क्षेत्राधिकार काठमाडौं जिल्ला अदालतलाई मात्र भएकोमा मिति २०७९।१०।१५ को समन्वय समितिको निर्णय बमोजिम सो क्षेत्राधिकार सबै जिल्ला अदालतहरुमा हुने गरी आवश्यक व्यवस्था मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सुझाव प्रस्तुत गरिएको छ।

9 चेक वाउन्स सम्बन्धी बैंकिङ कसूरको मुद्दा हेर्ने क्षेत्राधिकारमा सुधारका लागि सुझाव:

चेक वाउन्स सम्बन्धी बैंकिङ कसूरको मुद्दा हेर्ने क्षेत्राधिकार तोकिएका उच्च अदालतका बाणिज्य इजलासहरुलाई प्रदान गरिएकोमा मिति २०७९।१०।१५ को समन्वय समितिको निर्णय बमोजिम सो क्षेत्राधिकार सबै जिल्ला अदालतहरुमा हुने गरी आवश्यक व्यवस्था मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सुझाव प्रस्तुत गरिएको छ।

10 फौजदारी कसूरको अनुसन्धान र अभियोजनमा देखिएका समस्या र सुधार:

मिति २०७९।१०।१५ गतेको केन्द्रिय समन्वय समितिको वैठकबाट फौजदारी कसूरको अनुसन्धानमा देखिने गरेका त्रुटिहरु र सुधारका उपायका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नायव महान्यायाधिवक्ताको संयोजकत्वमा गृह मन्त्रालयका सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव, प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान विभाग प्रमुख सदस्य र महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता सदस्य सचिव रहने गरी गठन गरिएको कार्यदलले कार्य प्रारम्भ गरेको छ। यसका साथै, अभियोजनमा देखिएका कमि कमजोरी पत्ता लगाई अभियोजनमा सुधार गर्ने प्रयोजनको लागि कार्यदल गठन भई कार्य प्रारम्भ भएको छ।

11 अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्याय निरुपणकर्ता समेतको अन्तरक्रिया कार्यक्रमः

फौजदारी न्याय प्रणालीको सुधारको लागि अनुसन्धान र अभियोजन कार्यको प्रभावकारीता बढाउन समस्याहरुको पहिचान र समाधानका उपायहरु प्राप्त गर्ने उद्देश्यले अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्याय निरुपणकर्ता समेतको सहभागितामा सात वटै प्रदेशमा अन्तरक्रिया सञ्चालन गर्ने र सो कार्यक्रमहरुबाट प्राप्त सुझावहरु समेतका आधारमा सुधार प्रक्रियालाई अगाडि बढाउने कार्यक्रम अनुरुप मिति २०७९/१२/१० मा मधेश प्रदेशको राजधानी जनकपुरमा

र ऐ. १७ मा लुम्बिनी प्रदेशको बुटवलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। साथै मिति २०७९/१२/२९ मा गण्डकी प्रदेशको राजधानी पोखरामा अन्तरक्रिया कार्यक्रम गर्ने तय भएको छ।

12 कार्यचाप धेरै भएका सरकारी वकील कार्यालयहरुको अनुगमन तथा निर्देशनः

- काठमाण्डौ उपत्यका भित्रका सरकारी वकील कार्यालयहरुमा कार्य सम्पादनका क्रममा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरु सुझाउन मिति २०७९।११।३ गतेदेखि ऐ. १० गतेसम्म महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका छुट्टा छुट्टै टोलीहरुबाट अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश भएका छन्। प्राप्त प्रतिवेदनका अधारमा सुधार कार्य अगाडि बढाइने छ।
- महान्यायाधिवक्ताको नेतृत्वमा २०७९।११।१२ र १३ मा जिल्ला सरकारी वकील कार्यालय पर्सा र उच्च सरकारी वकील कार्यालय विरगञ्जको अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ।

13 सरकारी वकीलहरुको क्षमता अभिबृद्धि कार्यक्रमः

भारत सरकारको अन्तर्राष्ट्रिय सहयोग कार्यक्रम Indian Technical and Economic Cooperation (ITEC) अन्तर्गत मिति २०७९।१२।४ गतेदेखि ऐ १६ गतेसम्म नेशनल ल युनिभर्सिटी जोधपुर राजस्थानमा आयोजित Two Weeks Special Training Programme in Constitutional Law, Criminal Law, Forensic Science and Cyber Law for Government Attorneys of Nepal कार्यक्रममा ३३ जना सरकारी वकीलहरुको सहभागितामा रहेको थियो।

14 पूर्व महान्यायाधिवक्ताहरुसँग छलफल:

महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार गर्न मिति २०७९।१०।१३ गते पूर्व महान्यायाधिवक्ताहरुसँग गरिएको छलफलमा सरकारी वकीलको सेवा शर्त सम्बन्धी छुट्टै कानून बनाउनु पर्ने, सेवा विशिष्टिकरणको अवधारणा अनुरूप सरकारी वकीलको दक्षता अभिवृद्धि गर्नु पर्ने लगायतका विषयमा सुझाव प्राप्त भएको छ।

15 नेपाल बारका पदाधिकारीहरुबाट पृष्ठपोषण संकलन:

फौजदारी न्याय प्रशासनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल बार एशोसिएशनका पदाधिकारीहरु तथा काठमाण्डौ उपत्यकाभित्रका बार इकाइका अध्यक्ष र सचिव समेतको सहभागितामा मिति २०७९।१०।१५ गते छलफल गरी वस्तुनिष्ट प्रमाणका आधारमा कसूरमा संलग्न वास्तविक कसूरदार उपर मात्र मुद्दा चलाउने, दायर गरेको अभियोगपत्रमा सहज पहुँच हुनुपर्ने लगायतका विषयमा सुझाव प्राप्त भएको छ।

16 अभियोगपत्र अपलोड सम्बन्धमा:

सरकारवादी फौजदारी मुद्दाका पीडित र प्रतिवादी समेतका सरोकारवालाहरुको अभियोगपत्रमा सहज पहुँचका लागि सबै सरकारी वकील कार्यालयहरुबाट सम्बन्धित अड्डा अदालत समक्ष दायर भएका अभियोगपत्रका विद्युतीय प्रतिहरु कार्यालयको वेभसाइटमा अपलोड गर्ने गरिएको र केही बाँकी रहेका अभिययोगपत्रहरु २०७९ चैत्र मसान्त

भित्र र २०८० वैशाख १ गतेदेखि हरेक दिन सम्बन्धित कार्यालयको वेभसाइटमा अनिवार्य रुपमा अपलोड गर्न मिति २०७९।११।८ गते बसेको व्यवस्थापन समितिको निर्णय अनुसार निर्देशन जारी गरिएको छ।

17 अकुत सम्पत्ति सम्बन्धी मुद्दाका विषयमा छलफल:

अकुत सम्पत्ति (श्रोत पुष्टि नभएको सम्पत्ति) आर्जन सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्याय निरुपणको कार्यमा सहयोग पुर्याउने उद्देश्यले मिति २०७९।११।१९ गते महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकील, कानून व्यवसायी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिनिधि र विशेष अदालतका अध्यक्ष एवं सदस्यहरुको सहभागितामा कार्यपत्र प्रस्तुति र छलफल कार्यक्रम सम्पन्न भएको छ।

18 सहकारी ठगी सम्बन्धी मुद्दाका विषयमा छलफल:

सहकारी ठगी सम्बन्धी मुद्दाका विषयमा मिति २०७९।१०।२७ मा महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकील तथा सरोकारवालाहरुको सहभागितामा कार्यपत्र प्रस्तुति र छलफल कार्यक्रम सम्पन्न भएको छ।

19 Document Tracking System:

महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने फाइल लगायतका कागज पत्रहरु शुरु दर्तादेखि अन्तिम निर्णय गर्ने क्रममा के कुन चरणमा रहेको छ सो समेत जानकारी लिन सकिने गरी बारकोड सहितको Document Tracking System लागू गर्ने कार्यको थालनी भएको छ।

20 विभिन्न कार्यदलहरुलाई कार्यादेश सहितको जिम्मेवारी प्रदानः

सरकारी वकीलको व्यावसायिकता विकास, संस्थागत सुदृढीकरण तथा अनुसन्धान, अभियोजन, बहसपैरवी र प्रतिरक्षा सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउनका लागि देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरु सहित प्रतिवेदन पेश गर्न देहाय बमोजिमका कार्यदलहरु गठन गरिएको छः

क. अनुसन्धान तथा विकास (Reserch and Development - R&D) को अवलम्बन र विद्युतीय न्यायाधिवक्ता प्रणाली (e-attorney system) संचालन सम्बन्धी अध्ययन कार्यदल,

ख. e-library को सम्बाव्यता अध्ययन कार्यदल,

ग. कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफतको दावी लिएका वस्तुको मूल्य घट्ने वा काम नलाग्ने हुने भएकोले यसको समस्या, कारण र समाधान सम्बन्धी अध्ययन कार्यदल,

घ. कारागार, थुनुवा कक्ष तथा बाल सुधारगृहको स्थापना तथा स्तरोन्नती सम्बन्धी समस्याहरुको पहिचान र समाधानका उपायहरुको सिफारिश कार्यदल,

ङ. प्यारोल तथा प्रोबेसन बोर्ड, सजाय सुझाव समिति र पीडित संरक्षण समितिलाई थप कृयाशील बनाउने उपायहरु सिफारिश कार्यदल,

च. विधिविज्ञान प्रयोगशाला (Forensic Lab) हरुको स्तरोन्नती तथा नयाँ प्रयोगशालाको विस्तारको आवश्यकता पहिचान र गर्नुपर्ने कार्यहरुको सिफारिश कार्यदल,

छ. सजाय माफी मिनाहा, कैद कट्टा, सजाय घटाउने विषयमा प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका व्यवस्था र अन्य मुलुकका असल अभ्यास समेतका आधारमा गर्नु पर्ने सुधारका सम्बन्धमा अध्ययन गर्न गठित कार्यदल,

ज. हालसम्म जारी भएका परिपत्रहरुको अध्ययन गरी औचित्यका आधारमा संक्षिप्त र एकीकृत निर्देशनको तयारी कार्यदल,

**भावी कार्यदिशा**

1 सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका सरकारी वकीलहरु तथा कर्मचारीहरुको आचरण र व्यवहारलाई सेवाग्राहीमुखी बनाउन आचारसंहिताको पालनालाई थप जोड दिँदै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ।

2 हिरासत तथा कारागारमा रहेका थुनुवा तथा कैदी एवं  बाल सुधारगृहमा रहेका बालबालिकालाई नेपालको संविधान, कारागार ऐन तथा बालबालिका सम्बन्धी ऐन समेतका राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनले प्रदान गरेका मानव अधिकारको संरक्षण तथा प्रवर्धनको लागि  प्राथमिकताका साथ हिरासत, कारागार तथा बाल सुधारगृहको निरीक्षण गरी सम्बन्धित पदाधिकारी वा निकायलाई आवश्यक निर्देशन दिई थुनुवा तथा कैदीको सेवा सुविधा अभिवृद्धि गर्न सहजिकरण गरिने छ।

3 फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, कारागार ऐन, २०७९ समेतका कानूनमा व्यवस्था गरिएका सुधारात्मक दण्ड व्यवस्थाको कार्यान्वयन गर्न पहल गरिने छ।

4 प्रोवेशन तथा प्यारोल बोर्ड, सजाय सुझाव समिति र पीडित संरक्षण सुझाव समितिलाई थप क्रियाशील बनाइने छ।

5 सरकारी वकीललाई अन्तर्राष्ट्रिय अनुभवसँग परिचित गराउँदै अनुभवको साझेदारी र व्यावसायिकता विकासका लागि सरकारी वकीलहरुको अन्तर्राष्ट्रिय संस्था (International Association of Prosecutors) सँगको समन्वय र सहकार्यमा जोड दिइने छ।

6 नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने कार्यलाई थप प्रभावकारी बनाइने छ।

7 महान्यायाधिवक्ताको कार्यालयको अपराधशास्त्रीय अनुसन्धान केन्द्र र अभियोजन प्रशिक्षण केन्द्रलाई थप क्रियाशील बनाइने छ।

8 हेलो साक्षी, कानूनी सचेतना तथा समुदायमा सरकारी वकील कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

9 सरकारी वकील कार्यालयहरुमा भएका पीडितमैत्री कक्षलाई साधनश्रोत सम्पन्न बनाइने छ ।

10 विषयगत आधारमा नजिरहरुको संकलन र अध्यावधिक गरी प्रकाशन गरिने छ ।

11 महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालयहरु बीच आपसी सहयोग, सहकार्य र समन्वयलाई बढावा दिइने छ । महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताहरुको पाँचौं राष्ट्रिय कार्यशाला २०८० साल बैशाख १ र २ गते पाल्पाको तानसेनमा आयोजना गरिने छ ।

12 कानून विषय अध्यापन गराउने विश्वविद्यालय, बार काउन्सिल र महान्यायाधिवक्ताको कार्यालय बीचको सहकार्यलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन, कानूनका जनशक्तिलाई व्यवहारिक ज्ञान प्राप्त गर्ने अवसर श्रृजना गर्न र सरकारी वकीलको सेवाप्रति आकर्षण गर्न महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुमा इन्टर्नको सेवा लिने कार्यलाई निरन्तरता दिइने छ ।

13 सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०७९ मन्त्रिपरिषदबाट पारित भए पछि प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

14 माथि  बुँदा नं. २० मा उल्लिखित कार्यदलहरुबाट प्राप्त हुने प्रतिवेदनहरुलाई तदारुकताका साथ कार्यान्वयनमा ल्याइने छ ।

**<u>नेपाल कानून व्यवसायी परिषद्को अध्यक्षको हैसियतमा महान्यायाधिवक्ताबाट भएका प्रमुख कार्यहरु</u>**

- नेपाल कानून व्यवसायी परिषद् ऐनको मस्यौदालाई कानून निर्माण प्रक्रियामा लैजान थप पहल भएको छ ।
- नेपाल कानून व्यवसायी परिषद्का कर्मचारीको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरिएको छ ।
- नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून व्यवसायी परिषदबाट कानून व्यवसायीको पेशागत आचरण सम्बन्धी नियमावली, २०७९ बनाई सर्वोच्च अदालतबाट मिति२०७९।११।१७ मा स्वीकृत भए बमोजिम जारी गरिएको छ ।
- नेपाल कानून व्यवसायी परिषद्बाट लिइएको अधिवक्ताको तीसौं परीक्षाबाट उत्तिर्ण हुने ७२३ जना अधिवक्ताहरुलाई ३ दिने पूर्व व्यावसायिक आधारभूत तालिम मिति २०७९।१२।४ गतेदेखि ऐ २१ गतेसम्म सम्पन्न गरिएको छ ।